## यसपाली दशैंमा  कपिल अधिकारी

यसपाली दशैंमा
टिका पनि लाइएन
टिका पनि लाइदिइयन

सुन्दा देखि सर्बे भवंतु
मानंतो दुर्योधने सुनेर टिका थापेकै हो
परदेशमा
भारि उचाल्दै पसिना ले लतपत भिजेको बेला
घर देश को खबर ले
निउरी मुंटि न भएको बेला
के थाप्न जानु उहि आशिर्बाद

यसपलि न शुभकमना बाँडियो
न उधारो सुभकामना
औपचारिक ता को झटारो

भित्र भित्र दाउरीएर
चाउरीएर
बाहिर भने
शिलिन नाइट मार्केट को
सस्तो चम्किलो फैक्टरी रिजेक्ट
कपडा मा बेरिएर
555  बाँडेको भरमै
लाहुरे पनि भैइयन
यसपाला घर पनि गैइयन

यसपाली खोपा को देउता ले मलाइ हेरयो
मैले उसलाइ
सोच्दो हो
किन छैन  धूप,दीप, नैबेध्य?
उसलाइ नै
कुशलता को शुभकमना
दिनुपर्ने बेला

के गर्नु आरधना
के लाउनु प्रसाद ?

एक दर्जन हजार को रगत ले धर्ति भिजे बेला
त्यही धर्ति मा उम्रेको
रगत मिश्रित अक्षता के लगाउनु टिका

श्रवण कुमार कथा मात्र भैरहेका बेला
राम नै दशरथ शीर छेदन गरि रहेको बेला
घर,गाउँ, बस्ति नै कुरु क्षेत्र भैरहेका बेला
कुन असत माथि सत बिजय भन्दै
मनाउनु दशैं

शांति क्षेत्र मा सात दिन
बन्दुक नबज्दा
ठुलो समाचर भैरहेको बेला
के मनाउनु दशैं
के लगाउनु टिका?

यसपाली दशैंमा
घर पनि गैइयन
टिका पनि लाइएन !!!

अक्टोबर 19,2003
ताइपे, ताइवान